# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :-०८१।८२ (सोमाजिक विकास शाखा)
चलानी नम्बर :- ९८८५

मितिः २०८१।११।२२

विषयः सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा ~~कार्या~~ कार्यालय (सबै),
यशोधरा गाउँपालिका, कपिलवस्तु ।

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), लुम्बिनी प्रदेश नेपालको मिति २०८१।११।२१ पत्र र सो मन्त्रालयको "सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरूको उपचारमा सहयोग कार्यक्रम २०८१ सम्बन्धी सूचना" यसै पत्र साथ पठाईएकोमा सो सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी गराउनु हुन आदेशानुसार अनुरोध छ ।

२०८१।११।२२

(ऋषभ देव खनाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः कार्यालयको वेभसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।

... मामिला तथा कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. :- ०८१/८२
च.नं. :- ५२४

मिति :- वि.सं. २०८१/११/२१
नेै.स. :- ११४५ चिल्लाथ्व ६ बुधवार

<u>विषय: सूचना टाँस सम्बन्धमा ।</u>

श्री स्थानीय तह सबै (१०९)
लुम्बिनी प्रदेश ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चा.लु. आ.व. को स्वीकृत वार्षिक विकास कार्यक्रम सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरूको उपचार कार्यक्रम कार्यान्वयनका लागि मिति २०८१/११/२१ गते प्रकाशित सूचना यसै साथ संलग्न गरी पठाइएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी आवश्यक सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

श्री सामाजिक विकास शाखा
आ.का.गर्ने
२०८१/११/२९

२०८१/११/२९
(गंगाधर पाण्डेय)
वरिष्ठ शाखा अधिकृत

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरूको उपचारमा सहयोग कार्यक्रम २०८१ सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:-२०८१।११।२१

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चा.लु. आ.व. को वार्षिक भएको सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरूको उपचार कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार सुविधा लिन इच्छुक लुम्बिनी प्रदेश भित्रका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तपसिल अनुसारका कागजातहरु संलग्न गरी कार्यालय समयभित्र विद्युतीय माध्यमबाट (इमेल:internalaffairsp5@gmail.com) निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल:</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
३. जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वको क्रममा अपाङ्ग, घाइते वा अशक्त भएको भन्ने व्यहोराको सिफारिस पत्र ।
४. स्वास्थ्य समस्या पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस (प्रेस्क्रिप्सन) भएमा सोको प्रतिलिपि ।
५. स्वास्थ्य समस्यासंग सम्बन्धित वा पहिचान खुल्ने अन्य कागजात भए त्यस्तो कागजात ।

थप जानकारीका लागि प्रशासन तथा योजना शाखाका अधिकृत श्री भुप बहादुर मल्ल (मोबाइल नं. ९८४७८४९२६४) लाई सम्पर्क गर्न सक्नुहुनेछ ।

रेखा कंडेल
प्रदेश सचिव